**देवचुली नगरपालिकाको मिति २०७६।०१।११ को ३३औं नगरकार्यपालिकाको बैठकमा पेश भएका एजेण्डा उपर छलफल गरी देहाय बमोजिमको निर्णय गरियो :**

**निर्णय नं. १.** यस कार्यालयबाट मिति २०७५।१२।११ मा प्रकाशित सि.जि. पार्क अगाडीको जग्गा बसपार्क प्रयोजनको लागि भाडामा आय ठेक्का बढाबढको सूचना बमोजिम प्राप्त हुन आएका बोलपत्रदाताहरु मध्ये सबभन्दा बढी कबोल गर्ने बोलपत्रदाताहरु क्रमश: पूनम कोल्ड स्टोर एण्ड सप्लायर्सको बार्षिक कबोल रकम रु १५०६०६०।– र रुद्रतारा निर्माण सेवाको कबोल रकम रु १३०००००।– मात्र देखिएको तर धरौटी रकम जम्मा गर्दा पूनम कोल्ड स्टोर एण्ड सप्लायर्सले निजले वार्षिक कबोल गरेको रकममा मासिक हुन आउने रकमको ५% मात्र जम्मा गरेको र रुद्रतारा निर्माण सेवाले वार्षिक रकमको ५% ले हुन आउने रकम जम्मा गरेको देखियो । यसमा नगरपालिकाको आन्तरिक आयलाई मध्यनजर गरी हेर्दा धरौटि रकम मासिक हिसाबको दरले जम्मा गरेतापनि पूनम कोल्ड स्टोरको कबोल रकम रुद्रतारा निर्माण सेवाको भन्दा रु २०६०६०।– बढी भएकोले निजले दाखिला गरेको मासिक दरको धरौटी रकम यस कार्यालयको सूचनामा माग गरे बमोजिम नै पाइएको, तापनि निजलाई समेत वार्षिक कबोल रकमको ५% ले हुन आउने बाँकी रकम जम्मा गर्न ईच्छुक भएमा सो जम्मा गर्न लगाई नियमानुसार ठेक्का प्रक्रियामा अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २.** देवचुली नगरक्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुको रजत/स्वर्ण जयन्ती समारोह मनाउनका लागि विगतमा यस नगरपालिकाबाट उपलब्ध गराउँदै आएको सहयोग रकम आ.ब. ०७५/०७६ देखि कक्षा ५ सम्मको पठनपाठन हुने विद्यालयका लागि रु ५००००।–, कक्षा ८ सम्मको पठनपाठन हुने विद्यालयका लागि रु ७५०००।– र सो भन्दा माथिल्लो तहको पठनपाठन हुने विद्यालयका लागि रु १ लाख सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३.** यस जिल्लाको नमूना सदरमुकाम शिलान्यास कार्यक्रम सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा मिति २०७६।०१।०७ गते भएको कार्यक्रममा प्रत्येक वडाबाट सहभागी लैजानको एक/एक वटा बसको व्यबस्थापन गरेकोमा प्रतिवडा रु ५०००।– का दरले करबाहेक जम्मा रु ८५०००।– यातायात खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४.** यही २०७६ बैशाख १३, १४ र १५ गते (शुक्रबार, शनिबार, आईतबार र सोमबार) पदाधिकारी र कर्मचारीहरु अन्तर नगरपालिका अध्ययन भ्रमण जाने र उक्त भ्रमणका लागि आवश्यक बजेट नगरपालिकाको आन्तरिक स्रोतमा विनियोजित अवलोकन भ्रमण शीर्षकबाट खर्च लेख्ने निर्णय गरियो ।

**निर्णय नं. ५.** देहायका योजनाहरु बजेट अपुगका कारण अपुरो हुने देखिएकोले निम्नानुसारको बजेट रकम थप गर्ने निर्णय गरियो ।

क.) देवचुली – ५ , कदमपुर स्थित दुम्कौली-परानपुर कुलोमा कल्भर्ट निर्माण रु २०००००।– (दुई लाख),

ख.) देवचुली – ८, बेलचोक र गोदावरी मार्गमा कल्भर्ट निर्माण रु २०००००।-(दुई लाख),

ग.) देवचुली – १५, संगम चोकमा कल्भर्ट तथा बाटो स्तरउन्नति रु २०००००।-(दुई लाख),

घ.) देवचुली – १४, जनज्योति नमूना मा.बि. भवन निर्माण रु ५०००००।– (पाँच लाख),

ङ.) देवचुली – ६, नेपाल राष्ट्रिय सारदा आधारभुत विद्यालयको जमिन सम्याउनका लागि रु ४०००००।– (चार लाख),

च.) देवचुली – ११, देउसत नहरको पूर्वी शाखाको पूर्वपट्टी कुलो मर्मत् गर्न रु ५००००।-,

छ.) देवचुली – १६ बाह्रकोल, बेलस्वाँरामा बंगुरपालन पकेट क्षेत्रका लागि रु २ लाख र तरकारी उत्पादन पकेट क्षेत्रका लागि रु ४ लाख विनियोजन भएकोमा उक्त रकम रु ६ लाख एकमुष्ठ रुपमा सोही स्थानमा बाख्रापालन पकेट क्षेत्र कार्यक्रम संचालनका लागि खर्च गर्न अनुमति दिने निर्नय गरियो ।

**निर्णय नं. ६ .** देवचुली जेसिसले आयोजना गरेको देवचुली डाँडा पदयात्रा - २०७६ को लागि रु ५००००।– (पचास हजार) उपलब्ध गराउने निर्णय गरियो ।

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner